Regd. No. 13/051/052 SWC Regd. No. 001036

"Fight Against Caste and Gender Discimination Construct Just and Equitable Society""

# दलित महिला संघ
# Feminist Dalit Organization (FEDO)

Ref No. 99/013

## प्रेस विज्ञप्ती

मिति : २०७०-०२-२७

आदरणीय पत्रकार मित्रहरु !

जातीय भेदभाव तथा छुवाछूतको व्यवहारत अन्त्य गरौं छुवाछूतमुक्त राष्ट्र घोषणा सफल पारौं भन्ने मूल नारासहित जेठ १० देखि २१ सम्म सञ्चालित जातीय भेदभाव तथा छुवाछूत विरुद्धको १२ दिने राष्ट्रिय अभियान भर्खरै सकिएको छ ।

२०६३ साल जेठ २१ गते तत्कालीन अन्तरिम व्यवस्थापिका संसद्ले एकमतले मुलुकलाई छुवाछूतमुक्त राष्ट्र भनेर घोषणा गरेको थियो । त्यस्तै २०६८ साल जेठ १० गते जातीय भेदभाव छुवाछूत (कसुर तथा सजाय ऐन) २०६८ लाई तत्कालीन संसद्ले एकमतले पारित गरेको थियो । त्यसकै सम्झनास्वरुप यसबर्ष जेठ १० देखि २१ सम्मलाई दलित नागरिक समाजले छुवाछूत भेदभाव विरुद्धको १२ दिने राष्ट्रिय अभियानको रुपमा विभिन्न कार्यक्रम गर्दै मनाएका छन् ।

उता अहिलेपनि जातीय छुवाछूत तथा भेदभावकै कारण विभिन्न ठाउँमा दलितहरु कुटिनुपरिरहेको छ । गैर दलितले ब्राम्हणकी छोरीसित प्रेम गरेकै नाममा गाउँबाट मात्रै होइन् । देशबाटै निकाला हुनुपरेको अवस्था छ । यो अत्यत्न दुःखद् तथा खेदजनक छ ।

दलितमाथि हुने यि र यस्ता किसिमका घटनाहरु त केवल प्रतिनिधि घटना मात्रै हुन् । यस्तै घटनाको पछिल्लो दुःखद् उदाहरण बनेको छ, रौतहटको पिपरिया दोस्तिया-८ भिङ्डावर गाउँको घटना । भिङ्डावरमा गत बैशाख ३१ गते झमक रामका छोरा उमेशको विवाहमा जन्ती विदाइ गर्नेक्रममा नजिकको ब्रम्हस्थान भगवती मन्दिरमा पूजा गर्न जाँदा कथित उपल्लो जातिकाले रोक लगाउँदै कुटपिट तथा दुर्व्यवहार गरेका थिए । उक्त घटनापछि प्रहरीमा जाहेरी दर्ता गरेको भन्दै आफूहरुमाथि आक्रमण गरेको घटनाकी एक वृद्धा जितनीदेवी रामले बताएकी छिन् । घटनामा कथित उपल्लो जातिकाले बाटो हिँड्न रोक लगाएपछि तनाब उत्पन्न भएको र त्यसको लगत्तै उनीहरुले आफूहरुमाथि आक्रमण गरेको पीडित सत्यनारायण रामले बताएका छन् । उक्त घटनामा संलग्नले दलित बस्तीमा पसेर अन्नपात र सामान तोडफोड गरेका थिए ।

भिङ्डावर बस्तीका करिब ८० दलित घरपरिवारमा आक्रमणकारीले आक्रमण तथा तोडफोड गर्दा दर्जनौ दलितहरु घाइते घाइते भएका छन् । केहिको अहिले स्थानीय अस्पतालमा उपचार भइरहेको छ । यसरी सम्पूर्ण गाउँ नै उल्टिएर दलित समुदायमाथि अमानवीय किसिमले आक्रमण गरिनु अत्यन्तै निन्दनीय छ । यसका लागि यथासीघ्र दोषीमाथि कडा कारबाही गर्न दलित महिला संघ जोडदार माग गर्दछ । साथै आगामी दिनमा यि र यस्ता किसिमका निन्दनीय, भर्त्सनीय घटनालाई निरुस्ताहित गराउनका लागि राज्य सरकार, सम्पूर्ण दलित नागरिक समाज, स्थानीय बासिन्दा तथा सरोकारवाला निकायलाई सम्वेदनशिल हुन तथा पीडितलाई न्याय दिलाउनका लागि एकजुट भएर लाग्न सबैमा दलित महिला संघ आब्हान गर्दछ ।

..............

दुर्गा सोब

अध्यक्ष

दलित महिला संघ

"आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारप्रति हाम्रो प्रतिवद्धता
सम्पूर्ण मानवअधिकारको संरक्षणमा अभियानको क्रियाशीलता"

मानवअधिकार तथा सामाजिक रुपान्तरण अभियान, नेपाल
Campaign For Human Rights and Social Transformation, Nepal
(CAHURAST)

प.सं.:-
च.नं.:-

मितिः २०७०/०२/२७

# प्रेस वक्तव्य

## उच्च जातिय अहङ्कारको अन्त्य गर, पीडकहरुलाई कारवाही गर

रौतहट जिल्ला पिपरिया दोस्तिवा (८ भिङ्डावरस्थित दलित वस्तिमा आफूलाई कथित उपल्लो जाति बताउने जातिय अहङ्कारवादीहरुले गरेको अमानवीय आक्रमणको खबरले हामीलाई स्तंब्ध बनाएको छ । २१ सौं शताब्दीको यो यूगमा तथा जातिय भेदभाव अन्त्य भएको एक दशक पूरा हुन लागेको र त्यस विरुद्धको ऐन ०६८ कार्यान्वयन भइसकेको सन्दर्भमा घटाईएको यो पासविक घटना सामान्य मानवीय संवेदना सम्म पनि नराखी घटाईएको अत्यन्त पीडादायी घटना हो । हामी यो घटनाको घोर निन्दा र भर्त्सना गर्दछौं ।

यस अतिरिक्त हामी नेपाल सरकार समक्ष यो घटनाको यथार्थ विवरण तयार पार्न, पीडितहरुलाई राहत र क्षतिपूर्ति दिन, घाइतेहरुलाई तत्काल निःशुल्क उपचार गर्न र पीडकहरुलाई जातिय भेदभाद एवम् छुवाछुत सजाय तथा कसुर ऐन ०६८ बमोजिम हदैसम्मको कडा भन्दा कडा कारवाही गर्न जोडदार माग गर्दछौं । यस सन्दर्भमा आफुलाई उच्च जातिय अहङ्कारमा रमेर यस्तो जघन्य अपराधिक कार्यमा संलग्न समुदाय एवम् व्यक्तिहरुलाई जातिय अहङ्कार त्यागी सम्पूर्ण मानवहरु एक हौं र अरुको मानवअधिकार रक्षामा मात्रै आफ्नो मानवअधिकार रक्षा हुन्छ भन्ने भावना र ज्ञानको विकास गर्न विशेष आग्रह गर्दछौं ।

विष्णुपुकार श्रेष्ठ
अध्यक्ष
काहुरास्ट, नेपाल

प्रसुतीगृह मार्ग, थापाथली काठमाडौं, नेपाल, सम्पर्क : फोन/ड्याक्स : ०१-४१०२०३३, पो.ब.नं. १३५७२,
Email:cahurast@gmail.com, Web:www.cahurastnepal.org

**रौतहट जिल्लाको पिपरिया परोहा गाविस-८ भिमडावर टोलका ६५ घर दलित बस्तिमाथि कथित उपल्लो जातका व्यक्तिहरुले सामुहिक आक्रमण गरेको घट्नाका सम्बन्धमा इन्सेक रौतहट जिल्ला प्रतिनिधि बिपिन गौतमले गरेका पहलहरु :-**

- गत बैशाख ३१ गते सो गाविसमा रहेको ब्रम्हस्थान भगवती मन्दिरमा स्थानीय उमेश रामको विवाह पछि दतिलहरुले पुजा गर्न जाँदा कथित उपल्लो जातिका व्यक्तिहरुले मन्दिर प्रवेश गर्न नदिई कुटपिट गरेको बिरुद्धमा पीडितहरुले इलाका प्रहरी कार्यालयमा जातिय छुवाछुत ऐन बिरुद्ध ८ जना उपर किटानी जाहेरी दिएपछि पीडकहरुको तर्फबाट नेपाली कांग्रेस जिल्ला कार्य समिति रौतहटका कोषाध्यक्ष हृदयनारायण यादवले मुद्दा फिर्ता लिन दवाव दिएको । सो मुद्दा फिर्ता लिन पीडितहरुले इन्कार गरेपछि उनकै नेतृत्वमा दलितहरुमाथि नाकाबन्दि गरी आक्रमणको योजना बनाएको खवर इन्सेक जिल्ला प्रतिनिधिलाई प्राप्त भएपछि ०७० जेठ २४ गते बिहान करिव ११ बजे रौतहट प्रहरी प्रमुख एसपि गोविन्दराम परियारलाई फोनबाट सो कुराको जानकारी गराइएको थियो । एसपि परियारले सो गाउँमा प्रहरी परिचालन गर्न पठाइएको जानकारी इन्सेक प्रतिनिधिलाई गराएको ।
- घटनापछि मुक्ति समाजका रौतहट अध्यक्ष नाथुराम परियारले इन्सेक प्रतिनिधिलाई घटनाको बारेमा टेलिफोनबाट जानकारी गराएपछि तत्काल इन्सेक प्रतिनिधिको पहलमा कान्तिपुरका रौतहट सम्वाददाता शिव पुरी, तराई टेलिभिजनका फणि महत, नयाँ पत्रिका दैनीकका अशोक पहाडी समेत ४ जनाको टोलि बनाई घटनास्थलमा जाने निर्णय भए अनुसार घटनास्थलमा प्रस्थान गरियो ।
- घाइतेहरुको उपचार भईरहेको गरुडा स्थित अनामिका अस्पतालमा घाइतेहरुसंग भेटघाट गरि घटना भएको स्थानमा टोलि गएको ।
- इन्सेक महासचिव लालबाबु यादव रौतहट जिल्लामानै रहनु भएकाले घटनाको बारेमा जेठ २५ गते बिहान टेलिफोनबाट जानकारी गराउनुका साथै स्थलगत अनुगमनपछि सोहि साँझ इन्सेक प्रतिनिधिले महासचिवज्यूलाई भेटि घटनाको वास्तविक विवरणको जानकारी गराइएको छ ।
- घटनाको स्थलगत अनुगमन, पीडितहरुसं अर्न्तवार्ता लिएपछि प्रमुख जिल्ला अधिकारी दिलबहादुर घिमिरे, एसपि गोविन्दराम परियार, सशस्त्र प्रहरी एसपि प्रेमकुमार पोखरेलको टोलि घटनास्थलमा आईपुगेपछि सो टोलिसंगसंगै इन्सेक प्रतिनिधि सहितको टोलिले निरिक्षण र पीडितहरुसंग सोधपुछ गरियो ।
- घटनामा संलग्न रहेकाहरुलाई तत्काल कार्वाहीगर्न गिरफ्तार गर्नुपर्ने बिषय र अघिल्लो दिन एसपिसंग आक्रमणको योजना बारे इन्सेक प्रतिनिधिले खबर गर्दा समेत प्रहरीले वेवास्ता गरेको बिषयमा छलफल गरियो ।
- घटनास्थलमा पुगेका सञ्चारकर्मीहरुलाई घटनाको बिषयमा भर्त्सना गर्दै आफ्ना भनाईहरु राखिएकोछ । इन्सेक प्रतिनिधिले घटनाका सम्बन्धमा राखेका भनाईहरु तराई टेलिभिजन, एभिन्यूज टेलिभिजन, सगरमाथा टेलिभिजनले सोहिदिन देखि प्रशारण गरिरहेका छन । यसैगरि जेठ २६ गते प्रकाशित कान्तिपुर दैनिक र नयाँ पत्रिका दैनिकले इन्सेक प्रतिनिधि बिपिन गौतमले घटनाको सम्बन्धमा राखेका बीचार समेटेर नाम सहित समाचार प्रकाशन गरेका छन ।
- घटनाको भर्त्सना गर्दै इन्सेक प्रतिनिधिले जारी गरेको बिज्ञप्तीको समाचार स्थानीय पत्रिकाहरु हाइवे न्यूज दैनीक, राजदेवी दैनीक, हाइवे फास्ट दैनीक लगायतका पत्रिकाहरुले जेठ २७ गतेको अंकमा प्राथमिकताका साथ समाचार प्रकाशन गरेका छन ।

- घटनापछि स्थानीय प्रशासन खासगरि प्रमुख जिल्ला अधिकारी, एसपि र दलित संघसंस्थाका नेताहरुसंग इन्सेक प्रतिनिधिको नियमित सम्पर्क भईरहेको छ । यसै क्रममा घटना घटेको गाउँमा रहेको विवादित मन्दिरमा जेठ २७ गते दलित संघ संगठनका अगुवासहितको उपस्थितीमा बिरोध सभा र मन्दिर प्रवेशको कार्यक्रम राखेको जानकारी भएपछि तत्काल सो कार्य गर्दा जातिय सद्भाव बिथोलिन सक्ने खतरा रहेकाले स्थानीय प्रशासनसंग सो बिषयमा इन्सेक प्रतिनिधिको छलफल भयो । छलफलमा प्रमुख जिल्ला अधिकारीज्यूले दलित नेताहरुलाई तत्काल सो कार्य (मन्दिर प्रवेश र विवादित मन्दिरमा बिरोध सभा) नगर्न इन्सेक प्रतिनिधिले दलित नेतृत्वहरुसंग पहल गर्न आग्रह गर्नु भए अनुसार दलित नेतृत्वसंग इन्सेक प्रतिनिधिले छलफल गरि सो कार्य तत्कालका लागि स्थगित गराइएको छ ।
- राष्ट्रिय मानव अधिकार आयोगले सो घटनाको स्थलगत अनुगमन गर्ने भएकाले सो अनुगमन टोलिमा इन्सेक प्रतिनिधि संलग्न रहने कुराकानि भएकोछ ।

बिपिन गौतम
इन्सेक प्रतिनिधि, रौतहट

रौतहटको पिपरिया दोस्तिय गाविस–८ भिङडावर गाऊको दलितबस्तीमा कथित उपल्लो जाती भनिएकाले गरेको सांघातिक अक्रमणको घटनाको सामाजिक लोकतान्त्रिक पार्टी घोर भत्र्सना गर्दछ । यो घटनाबाट दलित समुदायको आत्मसम्मानमा पुग्न गएको चोट प्रति हाम्रो पार्टी गहिरो दुख प्रकट गर्दछ ।
दलित समुदायका जनता स्थानीय मन्दिरमा पुजा गर्न जादा रोक्ने काम जस्तो अमानवीय ब्याबहार गरेको र प्रशासन कार्यालयमा घटनाको जाहेरी किन गरेको भन्दै कथित उपल्लो जाती भनिएका मान्छेहरु दलित बस्तीमा प्रवेस गरि आक्रमण गरी जातीय सदभाव बिथोल्ने काम भएको छ । यो अमानवीय घटनाको जति निन्दा गरे पनि पुग्दैन । दलित बस्तीमा भएको यो आक्रमणको घटनाले बिश्व समुदायमा हाम्रो समाजलाई कलंकित बनाएकोछ । कथित उपल्लो जातीबाट भएको यो घटनाले समाजमा जातीय द्धन्द सिर्जना गर्ने काम स्वयं आक्रमणकारी कथित उपल्लो जाती भनिएकाहरुले गरेका छन भन्ने हाम्रो ठहरछ ।
घटनाको दोसीहरु तुरुन्त पक्राउ गरि हदै सम्मको कडा भन्दा कडा कानुनी कारवाही गर्न नेपाल सरकारसंग सामाजिक लोकतान्त्रिक पार्टी जोडदार माग गर्दछ । साथै घटना भएको दलित बस्तीमा शान्ति सुरक्षाको ब्यवस्था कायम गरि दलितहरुलाई शान्तिपुर्वक र सम्मानजनक रुपमा बस्न पाउने ब्यवस्था गर्न समेत सरकारसंग माग गर्दछ । घाईतेहरुको उपचारको ब्यवस्था, तोडफोड र आक्रमणबाट भएको नोक्सानीको क्षतिपुर्ति र घटनाबाट दलित समुदायको आत्मसम्मानमा पुगेको चोट र मानहानी समेतको क्षतिपुर्तिको ब्यवस्था गर्न सरकारसंग माग गर्दछ । उक्त घटनाको बिरोधमा आन्दोलनरत दलित समुदायको आन्दोलन प्रति सामाजिक लोकतान्त्रिक पार्टी ऐक्यवद्धता जाहेर गर्दै दलित समुदायको उक्त आन्दोलनमा सामाजिक लोकतान्त्रिक पार्टीको नेता, कार्यकर्ता सबैलाई सहभागीता जनाउन पनि यसै प्रेश बिज्ञप्ती मार्फत निर्देशन जारी गर्दछ ।

कुमार राई
अध्यक्ष
सामाजिक लोकतान्त्रिक पार्टी